१७ बैशाख, २०७६

**तत्काल ऐन संशोधन प्रक्रिया शुरु गर, निष्पक्ष विज्ञहरु सम्मिलित आयोग गठन गर।**

## प्रेस विज्ञप्ति

द्वन्द्व पीडित साझा चौतारीले आज मिति २०७६ वैशाख १७ गते  सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग पुनर्गठनका लागि नेपाल सरकारले गठन गरेको सिफारिश समितिका संयोजक ओमप्रकाश मिश्रलाई ध्यानाकर्षण पत्र बुझाएको छ। संक्रमणकालीन न्यायका प्रमुख सरोकारवाला पक्ष द्वन्द्वपीडित भएकाले संक्रमणकालीन न्यायका समग्र प्रक्रियामा पीडितहरुको सहभागिता सुनिश्चित गरिनुपर्ने धारणा द्वन्द्व पीडित साझा चौतारीले सार्वजनिक गर्दै आएअनुरुप सिफारिश समितिले राजनीतिक दवाब र प्रभावबाट मुक्त भएर पूर्ण पारदर्शी, विधिसम्मत र विश्वसनीय प्रक्रिया अनुसरण गरी आयोगका पदाधिकारी सिफारिश गर्नुपर्नेतर्फ समितिको ध्यान आकृष्ट गरिएको हो।

सर्वोच्च अदालतको फैसला वमोजिम संक्रमणकालीन न्यायसम्बन्धी वर्तमान ऐन संशोधन हुनुपर्ने र आयोग पुनर्गठन गर्न द्वन्द्वपीडितहरूको छाता संगठन द्वन्द्व पीडित साझा चौतारीसंग अविलम्ब संवाद र परामर्श प्रक्रिया प्रारम्भ गर्न द्वन्द्व पीडित साझा चौतारीले निरन्तर माग गर्दै आएको थियो। ऐन संशोधनका लागि सरकारका तर्फबाट हालसम्म कुनै पहल नहुनुले पीडितका मागप्रति सरकारको अवहेलनापूर्ण दृष्टिकोण प्रष्ट हुँदै गएको चौतारीको ठहर छ। सरकारको अकर्मण्यताबाट सिर्जना भएको अविश्वासपूर्ण परिस्थितिमा चौतारीले आयोगका पदाधिकारीका लागि व्यक्तिको नाम सिफारिश नगर्ने स्पष्ट पार्न चाहन्छौं।

सिफारिश समिति गठनपश्चात द्वन्द्वपीडित तथा नागरिक समाजका प्रतिनिधिहरुसंगको परामर्श बैठकको क्रममा संयोजक एवम् सदस्यले सरकार एवं कुनै पनि दल विशेषको दवाव वा प्रभावमा नपरी संक्रमणकालीन न्यायमा विशेषज्ञता भएका योग्य, सक्षम, गैरराजनीतिक व्यक्तिहरु छनौट गरी सिफारिश गर्ने लगायतका सकारात्मक प्रतिवद्धता व्यक्त गरेको भएतापनि उक्त प्रतिबद्धताप्रति चौतारी विश्वस्त हुन सकिरहेको छैन। किनभने २०७१ सालमा तत्कालीन सिफारिश समितिले जुन ऐन र कार्यविधि अवलम्बन गरी सरकार, प्रमुख राजनीतिक दलको इशारामा अपारदर्शी प्रक्रियाद्वारा राजनीतिक र विवादास्पद व्यक्तिहरू सिफारिश गरेको थियो। यसपटक पनि उक्त २०७१ सालको समितिले तयार गरेको कार्यविधिलाई केवल मिति मात्रै परिवर्तन गरी सोही कार्यविधि अवलम्बन गरेकोप्रति चौतारीको गम्भीर असहमति छ। आयोगहरुले ४ बर्षको लामो अवधिसम्म पनि किन कुनै परिणाम दिन सकेनन् र किन असफल भए ? भन्ने बारेमा गम्भीर समीक्षा गरी उपयुक्त र पारदर्शी प्रक्रियाद्वारा छनोट र सिफारिश गर्न सिफारिश समितिले आयोजना गरेको सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रममा चौतारीले उक्त कार्यविधि संशोधन गर्न सुझाए दिएको थियो। तर हाम्रो सुझावलाई गम्भीरतापुर्वक आत्मसात  गरिएको देखिएको छैन।

प्राविधिकरुपमा समितिको जिम्मेवारी दुई वटा आयोगमा ५/५ जना पदाधिकारी सिफारिस गर्ने हो। तर पारदर्शी, विधिसम्मत र विश्वसनीय प्रक्रिया अनुसरण गरी कुनै पनि दल विशेषको दवाव वा प्रभावमा नपरी सङ्क्रमणकालीन न्यायमा विशेषज्ञता भएका योग्य, सक्षम, गैरराजनीतिक व्यक्तिहरु सिफारिस गरी पीडितले न्यायको प्रत्याभूति गराई संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने सुनिश्चितताको आधार पनि समितिले गराउनुपर्दछ र सिफारिश समिति जनता र पीडित समुदायप्रति पूर्णरूपमा जवाफदेही र उत्तरदायी हुनुपर्ने हुन्छ।

२०७१ फागुनमा सर्वोच्च अदालतको फैसला भएदेखि नै पीडित, मानव अधिकार एवं अन्तर्राष्ट्रिय समुदायले आममाफी प्रधान विवादास्पद ऐन संशोधन नभएसम्म सहकार्य र विश्वास गर्न नसकेको लगायत आयोगको आन्तरिक कारण समेतले आयोग असफल भएको तथ्य जगजाहेर छ। यस सन्दर्भमा प्राविधिक रुपमा केवल पदाधिकारी सिफारिस गरेर मात्र आयोग सफल हुदैन, यथास्थितिमा बन्ने आयोगको नियति हिजोको भन्दा मौलिकरूपमा फरक नहुने चौतारीको धारणा पुनः स्पष्ट पार्न चाहन्छौं।

त्यसैले संक्रमणकालीन न्यायको यस महत्वपूर्ण घडीलाई पूर्ण सदुपयोग गर्नका लागि चौतारी तपसीलका सरोकारहरु जाहेर गर्दछ।

क. आममाफी प्रधान विवादास्पद ऐन र विगत ४ वर्षसम्म पनि सरकारले ऐन संशोधन नगरेको कारणले आयोगहरु असफल भएको वास्तविकता सरकारलाई स्मरण गराउन चाहन्छौं। त्यसैले सर्वोच्च अदालतको फैसला बमोजिम ऐन संशोधन प्रक्रिया तत्काल प्रारम्भ गर्न नेपाल सरकार र प्रमुख राजनीतिक दलहरूसमक्ष जोडदार माग गर्दछौं।

ख. सिफारिस समितिले आयोगका पदाधिकारीका लागि व्यक्तिगतरुपमा आवेदन दिनका लागि थप गरेको समय समाप्त भई संस्थागतरूपमा सिफारिस गर्न नागरिक तथा मानव अधिकारसम्बन्धी संस्थाहरूलाई पनि अपिल गरेको छ। तर २०७१ सालदेखि उक्त विवादास्पद ऐन संशोधनको माग गरिरहेका पीडित समुदाय हालको छनोट र सिफारिश प्रक्रियाप्रति विश्वस्त हुन सकेको छैन र अहिलेको प्रक्रिया पनि केवल औपचारिकताका लागि मात्र हुने आशंका बढ्दै गइरहेको छ।

ग. आयोगहरुमा पदाधिकारी सिफारिसका सम्वन्धमा सर्वोच्च अदालते २०७० पौष १८ मा दिएको मार्गनिर्देशक सिद्धान्तवमोजिम द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रुपमा द्वन्द्वको पक्षधर वा सम्बन्धित भएका व्यक्तिहरु, मानवअधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरु सम्मिलित हुने गरी अन्तर्राष्ट्रियरुपमा मान्य मापदण्ड समेतको आधारमा स्वच्छ, निष्पक्ष र विश्वसनीय आयोग गठन हुनुपर्ने तथ्य चौतारीले सिफारिस समितिले आयोजना गरेको परामर्श कार्यक्रममा स्पष्टपूर्वक प्रस्तुत गरिसकेको छ।

घ. चार वर्षसम्म पनि कुनै ठोस परिणाम दिन र आपसमा मिलेर काम गर्न समेत नसक्ने हिजोका असक्षम पदाधिकारीहरूलाई पुनः आयोगमा नियुक्त गरिए आम पीडित समुदायलाई कुनै हालतमा मान्य नहुने र आयोग नै वहिष्कार गर्ने तथ्य पनि स्पष्ट पार्न चाहन्छौं।

त्यसैले सिफारिश समितिले परामर्शका क्रममा प्राप्त सुझावका आधारमा सरकारी र दलीय प्रभाव र दवावबाट पूर्ण मुक्त भएर पारदर्शी र विश्वसनीय प्रक्रिया अनुसरण गरी संक्रमणकालीन न्याय, शान्ति प्रक्रिया, द्वन्द्व व्यवस्थापन तथा मानवअधिकारका क्षेत्रमा विज्ञ वा विशेषज्ञता भएको तथा कुनै पनि राजनीतिक दलप्रति आवद्ध नभएका स्वतन्त्र, नैतिकवान, स्वच्छ छवी भएको द्वन्द्व पीडितका मुद्दाहरु आत्मसात गर्न सक्ने तथा पीडितको संवेदनशीलतालाई समेत मनन् गर्न सक्ने सरकारी तथा दलीय स्वार्थभन्दा माथि उठ्न सक्ने न्यायिक मन भएका व्यक्तित्वहरु छनौट एवं सिफारिस गर्न माग गर्दछौं।

पुनश्च, द्वन्द्वपीडित साझा चौतारीले बिगतका बिभिन्न समयमा अघि सारेका आफ्ना मागप्रति कायम रहेको जानकारी गराउँदै यदि पीडित समुदायको भावनाविपरित पुनः राजनीतिक भागवण्डाको आधारमा आयोगका पदाधिकारीहरू सिफारिश गरिएमा सम्पूर्ण पीडित समुदायले आयोग वहिष्कार गरी सडक आन्दोलन गर्ने वास्तविकता पनि स्पष्ट पार्न चाहन्छौं।

जनक बहादुर राउत
महासचिब
९८५७०४७०६२

भागिराम चौधरी
अध्यक्ष
९८५८०२७७४७